स्थानीय सरकार

# खनियाबास गाउँपालिका

# ཁ་ནི་ཡ་བཱ་ས་གཱ་ཨུ་པཱ་ལི་ཀཱ།

# गाउँ कार्यपालिकाको कार्यालय

दार्खा, धादिङ

बागमती प्रदेश, नेपाल

मिति : २०८१/१२/१४

नेसं. ११४५, चिल्लागा बिहिबार

प.स.: २०८१/०८२

च.न. :.............

## तालिममा सहभागिताको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मितिः २०८१/१२/१४**

यस गाउँपालिकाको महिला ,बालबालिका तथा ज्येष्ठ नागरिक शाखा तर्फको चालु आर्थिक वर्ष ०८१/०८२ को स्वीकृत **"हातेहोजियारी तथा सीप प्रवर्द्धन कार्यक्रम"** अन्तर्गत विपन्न, एकल, दलित लगायत आयआर्जनको स्रोत खोजी गरेका र यस तालिम पश्चात तालिमसँग जोडिएको व्यवसाय/स्वरोजगार गर्ने तीव्र इच्छा भएका महिलाहरुको लागि **ऊनबाट गुडिया लगायत अन्य प्रयोग गर्ने सामाग्री बनाउने** एक (१) महिने तालिम सबै वडालाई पायक पर्ने हिसावले वडा नं ३ मा सञ्चालन गर्न लागिएको हुँदा तपसिलका कागजात सहित सूचना प्रकाशित भएको मितिले पन्ध्र(१५) दिन भित्र आवेदन पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरुः**

१)निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-१ प्रति ।

२) निवेदकको पासपोर्ट साइजको फोटो १ प्रति ।

३)सम्वन्धित वडाको सिफारिस पत्र ।

**नोटः**स्याद नाघि पेश गरिएका कागजात मान्य हुने छैन ।

**बोधार्थः**

१)**श्री सूचना प्रविधि शाखाः**गाउँपालिकाको वेवसाइट मा अपलोड गर्नुहुन ।

२)**श्री वडा कार्यालय (सबै),खनियाबास गाउँपालिकाः** वडा कार्यालयको सूचना पाटीमा टाँस गर्नुहुन ।

सन्ध्या उपाध्याय

महिला,बालबालिका तथा ज्येष्ठ नागरिक शाखा

छोईसाङ तामाङ

प्रमुख प्रशासकीय अधिकृत